मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ११२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन २६ गते बुधवार (Wednesday, March 10. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

ओली र प्रचण्डसामु संकट कायमैः पृष्ठ २



# एमाले र माओवादी केन्द्र अलग गराउँदै निर्वाचन आयोग

**झापा, फागुन २५।** सर्वोच्च अदालतले ऋषि कट्टेलको नेकपालाई मान्यता दिँदै केपी ओली र पुष्पकमल दाहाल नेतृत्वको नेकपा खारेज गरेसँगै निर्वाचन आयोगले पनि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) खारेज गर्ने निर्णय गरेको छ ।

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकता पछि २०७५ जेठ ३ गते बनेको नेकपालाई आयोगले जेठ २३ गतेको निर्णयबाट दर्ता गर्ने निर्णय गरेको थियो । सर्वोच्च अदालतबाट फागुन २३ गते दुबै दलको र आयोगको सो निर्णयलाई बदर गर्दै पूर्ववतः पार्टीको हैसियत दिएपछि आयोगले फैसला कार्यान्वयन गराउने निर्णय गरेको हो ।

मंगलवार बसेको आयोगको बैठकले आयोगमा दर्ता नं. १४५मा दर्ता भएको नेकपा नामको दल खारेज गर्ने निर्णय गरेको हो । बैठकले दल खारेज गर्ने र सो दलको खारेजीको



जानकारी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई गराउने निर्णय समेत गरेको छ ।

त्यस्तै आयोगले सर्वोच्चको फैसला बमोजिम अलग अलग राजनीतिक दलका रूपमा साविककै अवस्थामा कायम रहेको व्यहोराको जानकारी समेत दुबै अध्यक्षलाई दिने निर्णय आयोगले गरेको छ । यसअघि २०७५ जेठ २३ गतेको आयोगको निर्णयबाट नेकपा दर्ता सम्बन्धी निर्णय राजपत्रमा प्रकाशित भएकोमा सो सम्बन्धी निर्णय राजपत्रमा सूचना प्रकाशित गरेर खारेज गर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै सर्वोच्चको फैसलाले निर्वाचन आयोगमा राजनीतिक दलका रुपमा रहेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) साविककै रुपमा २०७५ जेठ २३ गते अघिको अवस्थामा कायम रहेको सूचना राजपत्रमा समेत प्रकाशित गर्ने निर्णयसमेत गरेको छ । २०७५ जेठ २३ अगाडि आयोगमा दर्ता नं. ३२मा नेकपा एमाले र दर्ता नं. ३७मा नेकपा

(बाँकी अन्तिम पृष्ठमा)

## डा. कोइराला अगुवा कार्यकर्ता भेटघाटमा



**दमक, फागुन २५।** नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालासहित केन्द्रीय नेताहरु झापामा अगुवा कर्यकर्ता भेटघाटमा व्यस्त छन् ।

गौरादहमा भएको ठाकुर समाजको जिल्ला अधिवेशन उद्घाटन सकेर नेता कोइराला दमक आएका हुन् ।

कांग्रेस झापा क्षेत्र नं ५ द्वारा दमकस्थित पार्टी कार्यालयमा आयोजना गरिएको क्षेत्रीयस्तरका अगुवा कार्यकर्ताहरुसँग भेटघाटका लागि नेता कोइराला आएका हुन् । त्यस्तै कांग्रेस केन्द्रीय सदस्यहरु डा. चन्द्र भण्डारी, गुरु घिमिरे, धनराज गुरुङ र सरिता प्रसाईं

(बाँकी अन्तिम पृष्ठमा)

## खानेपानीमा जुका भेटियो !



पार्थ मण्डल

**झापा, फागुन २५।** तपाईं धाराको खानेपानी पिउँदै हुनुहुन्छ ? यदि हुनुहुन्छ भने तपाईंले प्रयोग गर्ने खानेपानी कुन समिति वा संस्थानको हो ? त्यसको पानी कतिको स्वच्छ, सफा र खानयोग्य छ, एकपटक बुझेर मात्र प्रयोग गर्नुहोला ? किनभने नेपाल खानेपानी संस्थान भद्रपुरबाट वितरण हुने धाराको पानीमा जुका भेटिएको छ ।

सुन्दा पनि सेवाग्राहीलाई अच्चम लाग्न सक्छ । तर, यो घटना सत्य हो । भद्रपुर नगरपालिका-८ निवासी शर्मिला अधिकारीले धाराको पानीमा जुका भेटाएकी छिन् । खाना पकाउने क्रममा भान्सा कोठामा धारा प्रयोग गर्दा अधिकारीले मंगलवार बिहान जुका फेला पारेकी हुन् ।

अधिकारीले सामाजिक सञ्जाल फेसबुकमा जुकाको

(बाँकी अन्तिम पृष्ठमा)

## कुखुरा मरेपछि किसान चिन्तित

उमानाथ भण्डारी

**कमल, फागुन २५।** कृषकका खोरमा भएका कुखुरा मर्न थालेपछि यति वेला कुखुरा पालक कृषक चिन्तित भएका छन् ।

कृषकले पालेका कुखुरा १० दिनदेखि मर्न थालेपछि कृषक चिन्तित भएका हुन् । यतिबेला बजारमा ब्रोइलर कुखुराको अभाव भएको छ । त्यही बेला दुईचार हजार नाफा हुने आशामा पालिएका कुखुरा भटाभट मर्न थालेपछि आर्थिक क्षति भएका कारण कृषक

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्घटनामा मृत्यु

**झापा, फागुन २६।** झापाको शिवसताक्षी-९ स्थित यलम्बर चोकमा बस र स्कुटर एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा स्कुटर चालक इलाम, चुलाचुली गाउँपालिका-४का ३८ वर्षीय राजेन्द्र देवान छन् ।

पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको मे १ख २७४६ नंको बस र विपरीत दिशातर्फ जाँदै गरेको को ३८ प ४१९४ नम्बरको स्कुटर ठोकिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिए ।

दुर्घटनामा सोही स्कुटरको पछाडि सवार चुलाचुली-४ कय ४० वर्षीय पूर्ण राई घाइते भई बिर्तामोडस्थित बिएण्डसी अस्पतालमा उपचाररत् छन् । घटनापछि बस चालक झापा, अर्जुनधारा-११ नयाँ बस्तीका ४० वर्षीय मानबहादुर पुरी तथा बस र स्कुटर इलाका प्रहरी कार्यालय झिलझिलेको नियन्त्रणमा राखिएको प्रहरीले जनाएको छ ।

## लागूऔषधसहित पाँच जना पक्राउ

**मोरङ, फागुन २५।** मोरङ सुन्दरहरैंचा नगरपालिका-१०बाट लागूऔषधसहित ५ जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय बिराटचौकबाट खटिएको प्रहरी टोलीले सोही स्थान बस्ने ३४ बर्षीय केशब तामाङको कोठाबाट डाइजोल्याप थान-१०, लुपिजेसिक थान-७, एभिल थान-१३ र गांजा २०० ग्राम फेला पारेको छ ।

प्रहरीले तामाङको घरमा लागूऔषध बिक्री-बितरण तथा सेवन गर्ने गरेको गोप्य सूचनाको आधारमा तामाङ सहित सोही स्थानका २० बर्षीय एलिस खड्का, १९ बर्षीय सरन मगर, २० बर्षीय राजेश मंग्राती र १८ बर्षीय सञ्जीव मगरलाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

## दोभान बजार पुनर्स्थापित गर्न मापदण्ड तयार

**झापा, फागुन २५।** मेरिङ्देन गाउँपालिकाले मेरिङ्देन-३ दोभान बजारका आगलागी विस्थापितलाई पुनःस्थापित गर्न नयाँ मापदण्ड तयार गरेको छ ।

घर निर्माणमा इँटा तथा ढुङ्गा प्रयोग गरी पिलर बनाउनुपर्ने र प्राविधिकको ढाँचा अनुसार घर बनाउनुपर्ने लगायतका मापदण्डमा छन् । घरको नक्सा पास शुल्क भने गाउँपालिकाले मिनाहा गरिदिएको छ । पेट्रोलियम पदार्थको बिक्री वितरण आयल निगमले तोकेको मापदण्ड अनुसार मात्र गराइने जनाइएको छ ।

बजारभित्रको सडकको क्षेत्राधिकार न्यूनतम् ६ मिटर तोकिने भएको छ भने सडक र मुख्य सडक जोड्ने नयाँ दुईवटा सडकको क्षेत्राधिकार कम्तीमा ३.५ मिटर

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

यस होटल हेभन ग्राण्डका लागि केही कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

कुकः २ जना (चाइनिज, इण्डियन) वेटरः ५ जना

तलबः आपसी समझदारीमा

सम्पर्कः **होटल हेभन ग्राण्ड**

बिर्तामोड, झापा (मो. ९८२३८६७१४९)

**डाक्टर आउने बारेको सूचना**

वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ

**डा. नगेन्द्र कटुवाल**

MD (Neuropsychitry)

वरिष्ठ नशा तथा मानसिक रोग विशेषज्ञ

**यसपटक यही चैत १ गते आइतवार**

समपर्कः **सनराइज मेडिसिन सेन्टर**

भद्रपुर रोड, बिर्तामोड (झापा)

सम्पर्क नं. ०२३-५३४१३२

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार ।

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

**यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर**

फागुन २८ गते शुक्रवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

हाम्रा सेवाहरुः सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,

बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



# जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिता सकियो



**झापा, फागुन २५।** झापाको बिर्तामोडमा जारी दोस्रो लायन्स क्लब जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिताको फाइनलमा मेन्स डवलमा प्रनिशसिंह ठकुरी र दीपक घिमिरे काँकरभिट्टाको जोडीले जितेको छ ।

नवीन सिलवाल, चाणक्य पाठक बिर्तामोडलाई २२-२०, ९-२१ र २१-१९को अंकमा हराउँदै प्रनिशसिंह ठकुरी, दीपक घिमिरेको जोडीले जितेको हो । जीतसंगै उनीहरुले नगद २५ हजार नगद र ट्रफी हात पारे । उपविजेता नवीन सिलवाल र चाणक्य पाठकले नगद २० हजार ट्रफीमा चित्त बुझाउनु पर्‍यो । यसैगरी तेस्रो हुने जोडीलाई नगद आठ हजारसहित ट्रफी प्रदान गरियो ।

यस्तै ४५ प्लस डवलमा सञ्जय भक्तराज, गणेश कार्की बिर्तामोडको जोडीले श्रीप्रसाद धिमाल, विष्णु तामाङ्ग काँकरभिट्टाको जोडीलाई २१-७, २१-७ को सोझो सेटमा हराउँदै फाइनल जितेका छन् । जितसँगै सञ्जय र गणेशको जोडीले नगद २० हजार तथा ट्रफी र उपविजेता धिमाल र तामाङ्गले नगद १५ हजार र ट्रफी हात पारेका छन् भने तेस्रोलाई नगद पाँच हजारसहित ट्रफी प्रदान गरियो ।

लायन्स क्लव अफ अनारमनीको आयोजनामा 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारासहित 'झापा जिल्ला स्तरीय दोस्रो लायन्स खुल्ला व्याडमिन्टन प्रतियोगिता' २३ गतेबाट शुरु भएको थियो । बिर्ता व्याडमिन्टन क्लवको कभर्ड हलमा भएको सो प्रतियोगितामा खुल्लातर्फ ३० र भेट्रानतर्फ २३ टिम सहभागी थिए ।

लायन्स क्लव अफ अनारमनीका अध्यक्ष डा. गौरीशंकर झाको अध्यक्षतामा भएको कार्यक्रमकाबीच बिजेता खेलाडीलाई पुरस्कार बितरण गरिएको थियो । लायन्स क्लव अफ इन्टरनेशनल डिस्ट्रिक ३२५ ए वानका डिस्ट्रिक गर्भनर टंकबहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा भएको समापन कार्यक्रममा उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, नेपाल व्याडमिन्टन संघका केन्द्रीय सदस्य बिनोद बस्नेत लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

प्रतियोगिता सम्पन्न गर्न सहयोग पुर्‍याउने दातालाई सम्मान समेत गरिएको कार्यक्रममा दाताले खेल निरन्तरताको लागि शुभकामना दिँदै आगामी आगामी वर्षका लागि समेत आफूहरुले पुरस्कारको स्पोन्सर गर्ने घोषणा गरेको लायन्स क्लव अफ अनारमनीका पूर्व अध्यक्ष शैलेन्द्र कुरुङ्वाङले जानकारी दिए । कार्यक्रमको सञ्चालन रवीन्द्र भट्टराईले गरेका थिए ।

# धरमपुरका कृषकलाई यान्त्रिक उपकरण प्रदान

**धरमपुर, फागुन २५।** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान ब्लक बिकास कार्यक्रम अन्तर्गत झापाको धरमपुरका कृषकहरुलाई यान्त्रिक उपकरणहरु बितरण गरिएको छ ।

कृषि ज्ञान केन्द्र झापाले शिवसताक्षी-१ धरमपुर चौकस्थित हाम्रो हातेमालो कृषि सहकारी संस्थाले सोमबार कृषकहरुलाई यान्त्रिक उपकरणहरु बितरण गरेको हो ।

हाम्रो हातेमालो कृषि सहकारी संस्थाका अध्यक्ष एबम् कृषि प्राविधिक ताराप्रसाद गौतमका अनुसार सिञ्चाईको लागि मोटर १६ थान, पावर टेलर ३ थान, स्प्रे ट्यांकी १५ थानसहित अन्य ४ थान उपकरणहरु कृषकहरुलाई बितरण गरिएको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान ब्लक बिकास कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र झापाले रु. १२ लाख ९९ हजार ९ सय ९६ रुपैयाँ र हाम्रो हातेमालो कृषि सहकारी संस्थाबाट नौ लाख ३५ हजार ४ सय ७९ रुपैयाँसहित जम्मा २२ लाख ३५ हजार ४ सय



७५ रुपैयाँमा खरिद गरेर उपकरणहरु बितरण गरिएको अध्यक्ष गौतमले बताए । अध्यक्ष गौतमका अनुसार संस्थाबाट शिबसताक्षी-१, २ र ३ (साविकः धरमपुर) का कृषकहरुका लागि यान्त्रिक उपकरणहरु बितरण गरिएको हो । यसअघि, संस्थाले पावर टेलर, धान रोप्ने, बिषादीका लागि प्रयोग गरिने स्प्रे ट्यांकी लगायतका उपकरणहरु बितरण गरिसकेको छ ।

कृषि उपकरण बितरण गर्दै कृषि ज्ञान केन्द्र झापाका प्रमुख निलकमल सिहंले समयको उचित व्यवस्थापन गर्दै थोरै जमिनमा धेरै उत्पादन गर्न अहिले नयाँ आधुनिक उपकरणहरुको प्रयोग गर्न आवश्यक रहेको बताए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्रकी बाली बिकास अधिकृत एञ्जिना खड्का, शिबसताक्षी-१का वडा अध्यक्ष सुवास राई, संस्थाका उपाध्यक्ष श्याम राई, सल्लाहकार अनिलदेब राई, लयप्रसाद गौतम लगायतका सञ्चालक समिति सदस्य, सल्लाहकार सदस्य र शेयर सदस्यहरु र कर्मचारीको उपस्थिति रहेको थियो । कार्यक्रममा कृषि ज्ञान केन्द्रका प्रमुख सिंह र वडाध्यक्ष राईले कृषकहरुलाई उपकरणहरु संयुक्त रुपमा वितरण गरेका थिए ।

संस्थाका अध्यक्ष ताराप्रसाद गौतमका अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक समिति सदस्य तारा पोखेलले स्वागत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन सचिव तेजेन्द्र घिमिरेले गरेका थिए ।

# एक्सल बैंकको श्रीअन्तुमा 'क्युआर कोड'



**इलाम, फागुन २५।** एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले नगदरहित कारोवारलाई प्रोत्साहन गर्ने उद्देश्यले सूर्योदय नगरपालिका अन्तर्गत अन्तु डाँडा सामुदायिक होमस्टेहरुमा कयूआरमार्फत नगदरहीत भुक्तानी सेवा शुरु गरेको छ ।

मंगलवार बिहान सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राईले अन्तुडाँडा सामुदायिक होमस्टेहरुलाई एक्सेल डेभलपमेन्ट बैंकबाट उपलव्ध गराइएको क्युआर कोड हस्तान्तरण गरी उक्त सेवाको शुरुवात गरेका हुन् ।

उक्त क्युआर कोड सेवा शुरु भएसँगै अन्तुडाँडामा रहेका सामुदायिक होमस्टेहरुमा ग्राहकहरुले भुक्तानी गर्नुपर्ने रकम होमस्टेलाई सिधै उनीहरुको खातामा जम्मा हुने गरी भुक्तानी गर्न सक्नेछन् ।

बैंकले साना तथा मझौला उद्यमीहरुलाई बिगतदेखि केन्द्रविन्दुमा राखेर सहकार्य गर्दै आइरहेको छ । नगदरहीत कारोवार प्रबर्द्धन तथा साक्षरता विस्तार गर्ने उद्देश्यले क्यूआर कोडमार्फत साना तथा मझौला उद्यमीहरुलाई डिजिटल बैंकिङ्गतर्फ प्रोत्साहन गर्ने बैंकको प्रयास रहेको छ ।

क्युआर कोड हस्तान्तरण कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार पोखरेलले अन्तुडाँडा सामुदायिक होमस्टेहरुमा एक्सेल डेभलपमेन्ट बैंकले शुरु गरेको क्युआर कोड सेवाले सबै तहका उपभोक्तामा डिजिटल सेवाको पहुँच पुग्ने तथा बचत गर्ने बानी र समयको पनि सदुपयोग हुने बताए । उनले वर्तमान परिवेश र सुरक्षाका मापदण्डलाई मध्यनजर गर्दै बैंकले आगामी दिनहरुमा आफ्ना ग्राहकहरुलाई विभिन्न किसिमका नगदरहीत भुक्तानी सेवा उपयोग गर्न प्रोत्साहन गर्नेमा प्रतिबद्ध रहने बताए ।

## एमाले ...

माओवादी केन्द्र दर्ता रहेका थिए ।

त्यस्तै आयोगले १५३ दर्ता नं. मा दर्ता भएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र १६० दर्ता नं. मा दर्ता भएको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामका दुबै दलको दर्ता समेत खारेज गर्ने निर्णय गरेको छ । दुबै दल एकीकरणपछि २०७५ जेठ २३ मा निर्वाचन आयोगले नेकपा दल दर्ता गरेपछि गोपाल किराँतीले माओवादी केन्द्र र सन्ध्या तिवारीले नेकपा एमाले दर्ता गराएका थिए । त्यस्तै आयोगले नेकपा एमाले र माओवादी केन्द्र अलग अलग भएको जानकारी संघीय संसद, जिल्ला निर्वाचन कार्यालय, प्रदेशसभा सचिवालयमा गराउने निर्णय समेत गरेको छ ।

साथै आयोगले एमालेलाई एकीकरण गर्ने भए १५ दिनभित्र आयोगमा उपस्थित हुन समेत जानकारी गराउने निर्णय गरेको छ । 'अब यी दुई दलले दल एकीकरण गर्ने भएमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ बिपरीत नहुने गरी दुवै दलले आ-आफ्नो केन्द्रीय समितिबाट दल एकीकरण गर्ने निर्णय गरी सो निर्णयसहित नयाँ दलको रूपमा एकीकरण गर्ने भए एकीकरण पछि बन्ने दलको नयाँ नाम र चिन्ह समेत प्रस्ताव गरी १५ दिनभित्र आयोगमा निवेदनसहित उपस्थित हुनका लागि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई जानकारी गराउने' आयोगको निर्णयमा भनिएको छ ।

**गोपाल किराँती र सन्ध्या तिवारी दल खारेज**

निर्वाचन आयोगले गोपाल किराँती र सन्ध्या तिवारीका नाममा दर्ता भएका नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत मार्क्सवादी-लेनिनवादी) दर्ता खारेज गर्ने निर्णय गरेको छ ।

२०७५ जेठ ३ गते तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरण भएर निर्वाचन आयोगको जेठ २३ गतेको निर्णयबाट नेकपा बनेको थियो । एक वर्षसम्म आयोगले यी दुई दलको नाम रिजर्भ राखेको थियो । २०७५ जेठ २३ अगाडि आयोगमा दर्ता नं. ३२मा नेकपा एमाले र दर्ता नं. ३७मा नेकपा माओवादी केन्द्र दर्ता रहेका थिए ।

त्यसको एक वर्षपछि निर्वाचन आयोगले १५३ दर्ता नं. मा गोपाल किराँती अध्यक्ष रहेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र दर्ता नं. १६०मा सन्ध्या तिवारी अध्यक्ष रहेको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) दर्ता गरेको थियो । आइतवार सर्वोच्च अदालतले २०७५ जेठ २३ गतेको निर्णय उत्प्रेषणको आदेशबाट खारेज गरिदिएपछि आयोगले मंगलवार आदेश कार्वान्वयन गर्ने निर्णय गरेको हो ।

**माओवादी अनिर्णित**

सर्वोच्च अदालतबाट पुनर्स्थापित नेकपा माओवादी केन्द्रको स्थायी कमिटी बैठक सम्पन्न भएको छ । पेरिसडाँडामा भएको बैठकले संसद, सरकार र राजनीतिक प्रक्रिया अघि बढाउन नेपाली कांग्रेस र जनता समाजवादी पार्टीसँग वार्ता गर्ने निर्णय गरेको नेता नारायणकाजी श्रेष्ठले बताए । माओवादीले सरकारको समर्थन फिर्ता लिने वा नलिने भन्ने विष्यमा निर्णय गर्न सकेन् ।

यस्तै, नेकपा (एमाले) सँग पनि छलफलको प्रक्रिया शुरु गर्ने निर्णय बैठकले गरेको छ । माओवादी केन्द्रले फागुन २९ गते केन्द्रीय कमिटी र र चैत १ गते कार्यकर्ता भेला गर्ने निर्णय गरेको समेत श्रेष्ठले बताए । बैठकमा हाल ओली समूहमा रहेका माओवादी केन्द्रका नेताहरु गृहमन्त्री रामबहादुर थापा, टोपबहादुर रायमाझी लगायतको बारेमा केही निर्णय गरेको छैन । माओवादीले बुधवार फेरि स्थायी कमिटीको बैठक बोलाएको छ ।

**होर्डिङ बोर्ड फेर्न एमाले व्यस्त**

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी खारेज गरेसँगै नेकपा एमालेले देशभरका पार्टी कार्यालयका होर्डिङ बोर्डहरु फेर्ने क्रमलाई तीब्रता दिएको छ । एमाले तत्कालीन नेपाल कम्युनिष्ट पार्टीको मुख्य कार्यालय रहेको धुमवराहीमा समेत नेकपा एमालेको बोर्ड राखेको छ ।

यसैबीच नेपाल कम्युनिष्ट पार्टी (नेकपा) झापाको पार्टी कार्यालयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) लेखिएको बोर्ड राखिएको छ । तत्कालीन एमाले र माओवादी केन्द्र एकीकृत भएपछि राखिएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को साइनबोर्ड फेरेर एमालेको बोर्ड राखिएको हो । सो कार्यालय दुवै पार्टी एकीकरण हुनुअघि पनि नेकपा एमालेकै थियो । नेकपा विभाजित भएर अलग-अलग समूह भएपछि कार्यालय बन्द रहेको थियो । आजैदेखि कार्यालय पनि सञ्चालनमा आउने एमालेका जिल्ला कमिटी सदस्य शिव ढुङ्गेलले बताए ।

## डा. ...

पनि कार्यकर्ता भेटघाटमा उपस्थित थिए ।

पार्टीका क्षेत्रीय सभापति ढुण्डीराज भण्डारीको सभापतित्वमा भएको अगुवा कार्यकर्ता भेटघाटमा महासमिति, महाधिवेशन प्रतिनिधि, पार्टीका जिल्ला, क्षेत्र, नगर तथा गाउँस्थित पदाधिकारी, सदस्यहरु लगायत भातृ संघ-संगठनका पदाधिकारी सदस्यहरु ठूलो संख्यामा उपस्थित थिए । नेपाल महिला संघ दमक नगर सभापति मन्धरा पौडेलले स्वागत गरेको कार्यक्रममा सहभागी कार्यकर्ताहरुले पार्टी, संगठनका बिषयमा राखेका जिज्ञासाहरुको नेताहरुले जवाफ दिएका थिए ।

आसन्न १४औं महाधिवेशनमा सभापतिका दाबेदार डा. शेखर कोइराला दुई दिनसम्म कांग्रेसका पूर्व सांसद डा. शंकर उप्रेतीको श्रद्धाञ्जलि सभामा र बिर्तामोडस्थित जिल्ला पार्टी कार्यालयमा आयोजना हुने जिल्लास्तरीय कार्यकर्ता भेटघाटमा सहभागी हुने कांग्रेसले जनाएको छ ।

यसैबीच नेपाल प्रेस युनियन झापाले डा. कोइरालासँग वुधवार बिहान पत्रकार भेटघाट कार्यक्रम राखेको छ ।


**बिमालेख हरायो**

**झापाको बुद्धशान्ति-७ (साविक शान्तिनगर गाविस-६)बाट बिर्तामोड जाने क्रममा यही मिति २०७७/१०/०७ गते मेरो निम्न व्यहोराको एलआईसीको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम**:- विनिता तामाङ्ग
**ठेगाना**:- बुद्धशान्ति-७, झापा
**बीमालेख नं.**:- २०००१४९९६
**कम्पनी नाम**: एलआईसी
**सम्पर्क**: ९८०८५७१६२४


## खानेपानीमा ...

फोटो र भिडियो समेत हालेर सबैलाई सचेत गराएकी छिन् । फोटो र भिडियो हाल्दै उनले लेखेकी छिन्- 'गुड मर्निङ ! आज बिहान खानेपानीको धाराबाट आउनु भएको पाहुना !' उनले फेसबुकमा फोटो र भिडियो हालेपछि कमेन्ट बक्समा अधिकांशले खानेपानी संस्थान भद्रपुरको लापरवाही र पानी प्रयोग गर्दा फिल्टर गरेर पिउन सुझाव दिएका छन् ।

धाराको पानीमा जुका भेटिएको भन्दै पूर्वाञ्चलकर्मीले अधिकारीसँग टेलिफोन सम्पर्क गरेर घटनाको विषयमा बुझ्दा उनले भनिन्- 'आज बिहान चिया पकाउनका लागि धारामा भाँडा थाप्दा पानीसँगै जुका खस्यो ।' 'कालो रङ्गको जुका भाँडामा खसेपछि संस्थानको पानी फिल्टर बिना खानयोग्य नभएको थाहा भयो'- उनले भनिन् । अहिले खानेपानी संस्थानले नयाँ पाइप लाइन विस्तारको काम गरिरहेको छ, पुरानोबाट नयाँ पाइप जडान गर्दा खनिएको माटोबाट जुका पाइपमा पसेर आउन सक्ने उनले बताए । खानेपानी संस्थान भद्रपुरले नगर क्षेत्रमा वितरण गर्दै आएको पानी कतिको स्वच्छ र सफा छ यसै घटनाले पुष्टि गर्छ । जुका तराई क्षेत्रमा गर्मीयामको बेला पानी जमेको ठाउँमा जस्तै ताल, पोखरी, धानको खेतमा बस्छ ।

यता भद्रपुरका एक चिकित्सकले भने- 'भद्रपुर खानेपानी संस्थानको पानी स्वच्छ र सफा छैन, मैले पनि प्रयोग गरेर भोगिसकेको कुरा हो ।' अस्पतालमा पेट दुखेर आउने अधिकांश बिरामीको समस्या नै खानेपानीको कारणले भएको देखिएको छ । 'बिरामीमध्ये अधिकांश भद्रपुर खानेपानी संस्थानको पानी प्रयोग गर्ने बिरामी नै बढी भेट्टाएको छु'- उनले भने- 'पानी प्रयोग गर्दा फिल्टर गरेर वा तताएर पिउन आग्रह गर्छु ।' यता नेपाल खानेपानी संस्था भद्रपुरका पानी वितरण शाखा इन्चार्ज राजु बस्नेतले नयाँ पाइप लाइन विस्तारसँगै जडान गर्ने क्रममा त्यस्तो घटना भएको हुन सक्ने बताए ।

## कुखुरा ...

चिन्तित भएका हुन् । कमल गाउँपालिका-६स्थित रेसु कृषि फर्ममा पालिएका कुखुरा १० दिनदेखि भटाभट मर्न थालेका हुन् । कुखुरा के कारणले मरेका हुन् पशुचिकित्सकले बताउन नसकेको र औषधि प्रयोग गर्दा समेत कुखुरा मर्न नरोकिएको रेसु कृषि फर्मका सञ्चालक इन्द्र दाहाल बताउँछन् ।

पछिल्लो समय ब्रोइलर कुखुराको चल्ला र मासुका लागि योग्य माउ कुखुराको अभाव छ । यसैको मौका छोपेर विभिन्न नाका हुँदै भारतबाट ल्याएका माउ कुखुराका कारण रोग सरेको हुनसक्ने दाहाल बताउँछन् । खुल्ला रुपमा कुखुरा भित्र्याएका कारण यो समस्या आएको हो । कुन-कुन नाकाबाट अवैध रुपमा कुखुरा भित्रिँदैछन्, त्यो आफूलाई जानकारी छ । यदि सबैको सहयोग पाएमा अबैध कुखुरा रोक्न सकिने उनले बताए ।

मासुमा आत्मनिर्भर बनाउनका लागि सरकार लागीपरेको बेला किसानलाई यो अवस्था आएको हो । यस्तो बेलामा ब्रोइलर पालक कृषकलाई राहतको प्याकेज उपलब्ध भए राम्रो हुने इन्द्र दाहाल बताउँछन् । ३५ दिन अगाडि १ हजार ४ सय चल्ला खोरमा हालेकोमा आज सम्ममा ९ सय कुखुरा मरिसकेको उनले बताए । दाहालको मात्र नभएर छिमेकी सुमन सिटौला र शेखर उप्रेतीको समेत कुखुरा मरेर सोत्तर भएको दाहालले बताए ।

## दोभान ...

मापदण्डमा तोकिएको छ । मुख्य सडकको क्षेत्राधिकार तमोर करिडोर आयोजना तथा सडक डिभिजनसँग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय भएको मेरिङ्देनका प्रमुख प्रशासकीय अधिकृतले जानकारी दिए ।

नेपाल टेलिकमको टावर तथा क्षतिग्रस्त झोलुङ्गे पुल पुनःनिर्माणका लागि सम्बन्धित निकायमा गाउँपालिकाले अनुरोध गरेको छ । गाउँपालिकाले व्यवसायीको मौज्दात मिलान, कर दाखिला र कर समायोजनका लागि सम्बन्धित कर कार्यालयमा अनुरोध गर्ने निर्णयसमेत लिएको उनले बताए ।

मेरिङ्देन-३ स्थित खाम्लुङको दोभान बजारमा यही १८ गते भएको आगलागीमा परी ५० घर नष्ट र ६३ परिवार विस्थापित भएका थिए । आगलागीबाट करिब रु. ४० करोड बराबरको क्षति भएको जनाइएको छ ।


**हार्दिक बधाई**


जीवनकुमार खड्का


कृष्ण पौडेल


गौरीशंकर गुप्ता

आगामी तीन बर्षे कार्यकालका लागि बिर्तामोड उद्योग वाणिज्य संघको २०७७ फागुन १६ गते सम्पन्न निर्वाचनबाट संघको निर्वाचनबाट नेपाल औषधि व्यवसायी संघ झापा जिल्ला महासचिव **श्री जीवनकुमार खड्का** सदस्यमा, सदस्य **श्री कृष्ण पौडेल** वाणिज्य सचिव र सदस्य **श्री गौरीशंकर गुप्ता टिंकु** लाई सदस्य पदमा अत्यधिक मतका साथ विजयी गराउनुहुने सम्पूर्ण मतदाता तथा औषधि व्यवसायीमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै तपाई लगायत सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंहरुको कार्यकाल उद्योगी व्यवसायी तथा संघको हितको साथै समग्र बिर्तामोडको विकासका लागि उपलब्धिमूलक र सफल बनोस् भनी शुभकामना व्यक्त गर्दछौं ।

**सशिम पोखरेलः सचिव** **गौतम गुप्ताः अध्यक्ष**

तथा **नेपाल औषधि व्यवसायी संघ**
**झापा जिल्ला शाखा परिवार**



**बृद्धा स्याहार गर्ने महिला चाहियो**

**बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २५ देखि ४५ बर्षसम्मकी एक जना महिलाको तु-आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला ।**

**तलब : आपसी समझदारीमा (आकर्षक)**
**सम्पर्क मिति : २०७६ मंसीर ६ गतेदेखि १२ गतेसम्म**
**सम्पर्क : ९८४२७११३०९**

**नोटः बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।**



**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**
**नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।**
*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*
**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



**'जाऔं जाऔं अर्जुनधाराधाम'**

**पूर्वका पशुपतिनाथ श्री अर्जुनधारा जलेश्वरधामद्वारा महाशिवरात्री विशेष कार्यक्रम 'एक साँझ शिवका माझ' एक शिव ताण्डव नृत्य तथा एकल शिव भजन गायन प्रतियोगिता हुने भएकाले सम्पूर्ण संगीत तथा नृत्य विद्यालय, सामुदायिक तथा आवासीय विद्यालयहरुलाई सहभागिताका लागि हार्दिक आव्हान गर्दछौं ।**

**पुरस्कार तथा सम्मान**
**१) नृत्य**
**प्रथमः** रु. ५१,०००/-
**द्वितीयः** रु. ३१,०००/-
**तृतीयः** रु. २१,०००/-
**सान्त्वनाः** रु. ५/५ हजार (२ जनालाई)

**२) गायन**
**प्रथमः** रु. ३१,०००/-
**द्वितीयः** रु. २१,०००/-
**तृतीयः** रु. ११,०००/-
**सान्त्वनाः** रु. २/२ हजार (२ जनालाई)



**अडिसन**
**विहानः १० बजेदेखि**
**गायनः २५/११, २६/११ नृत्य**

**ग्राण्ड फिनाले**
**अन्तिम प्रतियोगिता १०/१० जना**
**२७।११।०७७ साँझ ५ बजेदेखि**

**सम्पर्कः संयोजक (देवीभक्त श्रेष्ठः ९८५२६४११२५)**
**धाम सम्पर्कः (सुधिर बस्नेतः ९८०४९०११२५)**

आयोजकः **अर्जुनधारा जलेश्वरधाम**
**अर्जुनधारा, झापा**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# लागूऔषधविरुद्ध सचेतना

झापाका सीमावर्ती बजारहरुमा कानूनद्वारा प्रतिबन्धित लागूऔषधको कारोबार फस्टाउँदै जानु हाम्रा लागि चिन्ताको विषय हो । त्यस्ता लागूपदार्थको प्रयोगले स्नायु प्रणालीमा असर पार्छ, अपराध बढाउँछ, जनशक्ति कमजोर हुन्छ, अर्थव्यवस्था ध्वस्त हुन्छ र देशलाई नै पछि धकेल्छ । त्यहीकारण विश्वव्यापी समस्याका रुमपा रहेको लागूऔषधको कारोबार र प्रयोगलाई निरुत्साहित गर्न नेपालमा पनि कानूनी व्यवस्था नै गरिएको छ । लागूपदार्थको बढ्दो प्रयोग र कारोबारलाई नियन्त्रण गर्न वि.सं. २०३३ सालमा पहिलोपटक लागूऔषध नियन्त्रण ऐन ल्याइएको थियो । त्यसपछि आवश्यकता अनुसार कानून संशोधन गरी दण्ड सजायको व्यवस्थालाई कडा पारिएको छ । तर, लागूपदार्थको प्रयोग र कारोबारमा वर्षेनि बढोत्तरी भइरहेको छ ।

झापाको सीमाना बजार काँकरभिट्टा, भद्रपुरसँगै दक्षिणी क्षेत्रहरु लागूपदार्थ आयात गर्ने मुख्य केन्द्र बन्दै गएको पक्राउ परेकाहरुको विवरणले देखाइरहेको छ । पछिल्लो पटक भद्रपुरमा ब्राउन सुगरसहित एकजना प्रयोगकर्तालाई पक्राउ गरेपछि उनको बयानका आधारमा प्रहरीले कारोबारीको खोजी गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाले झापालाई लागूऔषधमुक्त जिल्ला बनाउने अभियान चलाएको छ । यसै अनुसार झापामा दिनहुँ लागूऔषधहरु भित्रिने क्रम घटेको छैन । मंगलबार मात्र गृहमन्त्रीले लागूऔषध प्रयोगकर्ताको सर्वेक्षण सम्बन्धी पुस्तक सार्वजनिक गरे । सो पुस्तकले पनि नेपालमा लागूऔषधको भयावहता बढ्दै गएको तथ्य खुलाएको छ ।

मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्ने, प्रयोगकर्ताको भावना र सोचाइमा परिवर्तन ल्याउन सक्ने प्राकृतिक वा रसायनिक पदार्थलाई लागूऔषध भन्ने गरिएको छ । लागूऔषधका नयाँ प्रयोगकर्ता दिनहुँ औसत अठार जना थपिँदैछन् । लागूऔषधकै सेवनका कारण विश्वमा प्रति वर्ष दुई लाख ५३ हजारभन्दा बढीको मृत्यु हुने गरेको छ भने नेपालमा अहिले दुई लाखभन्दा बढी प्रयोगकर्ता रहेका छन् । किशोर–किशोरीहरु यसको मूल प्रयोगकर्ता रहेकोमा हालको सर्वेक्षणले पाका मानिसहरु दुर्व्यसनमा फस्दै गएको देखाएको छ । साथीको लहै–लहैमा, मनोरञ्जनको खोजीमा, उत्सुकतावश, खुसी हुन, मानसिक तनाव कम गर्न, पढाइका समस्या लगायतका कारण युवापुस्ता दुर्व्यसनी बन्दैछन् । त्यसैगरी विकसित समाज, व्यस्त र विलासी जीवनशैली, चेतनाको कमी र खुल्ला सीमानाले पनि समस्या तीव्र दरमा बढ्दै गएको छ ।

विश्वकै लागि चुनौतिको विषय बनिएको लागूऔषधको प्रयोग संस्कारको निरन्तरताका रुपमा रहेको भए पनि आज अर्धविकसित देशका लागि गम्भीर समस्या बन्दै गएको छ । नेपाल खुल्ला सीमानाका कारण लागूऔषधको ट्रान्जिट क्षेत्र बन्दैछ । यसो हुनुका पछि अन्तर्राष्ट्रिय व्यापारको विकास, यातायात, सञ्चारमाध्यमको प्रगति र छिट्टै धन कमाउने लालसा जोडिएका छन् । दुर्व्यसनले जनशक्ति कमजोर हुने, सामाजिक संस्कार बिग्रने, अपराध बढ्ने, अर्थ व्यवस्था ध्वस्त हुँदै देशलाई पछि पार्ने भएकाले यसको नियन्त्रणका लागि राज्यसँगै सामाजिक सक्रियता बढाउनु आजको आवश्यकता हो । नियम–कानूनको कार्यान्वयनमा जोड दिँदै सचेतना कार्यक्रम सञ्चालन गर्न ढिला गर्नु हुँदैन । सुधार केन्द्र थप्ने र व्यवस्थित गरी रोजगारी बढाउने कार्यक्रम पनि थप्दै लगेर दुर्व्यसनी घटाउनेतर्फ गम्भीर बन्नुपर्छ । अनि मात्र यो दीर्घ समस्याबाट मुक्ति सम्भव छ ।

सामाजिक सञ्जाल

## ...यो देखेर मन बेचैन छ

– भानुभक्त आचार्य



'महिलाले पुरुष बोकेर दौडिने प्रतियोगिता' हेर्नुभो ? यो प्रतियोगिताका बारेमा पढेर एवम् भिडियो देखेर मन बेचैन छ।

अन्तर्राष्ट्रिय महिला अधिकार दिवसका दिन पुरुषभन्दा कम छैनन् महिला भन्ने सन्देश दिन यस्तो प्रतियोगिता गरिएको रहेछ। विदेशीहरुले श्रीमती बोक्ने प्रतियोगिता गर्दा हामी यस्तो प्रतियोगितामा आइपुग्यो जस्तो लाग्छ। तर, हामीले खोजेको यस्तै शारीरिक पौंठेजोरीवाला समानता हो ? प्रतियोगितामा भाग लिने महिलाभन्दा अधिकांश पुरुषहरु बढी वजनका छन्। महिलाको शारीरिक तन्दुरुस्ती बच्चाको आमा भएपछि शिथिल हुन्छ। क्षमताले धान्नेभन्दा बढी वजन बोक्दा महिलामा पाठेघर खस्ने लगायतका समस्याहरु हुन सक्छन्। महिला र पुरुषको शारीरिक बनौट फरक हुने भएकाले संसारका अधिकांश खेल स्पर्धाहरु पुरुष-पुरुषबीच र महिला-महिलाबीच गरिन्छ। अझ उमेर र तौल समूह समेत मिलाउनुपर्ने हुन्छ।

प्रतियोगिता नै गर्ने भए पुरुषलाई गर्भाधान गर्ने, बच्चा पाउने, स्तनपान गराउने प्रतियोगिता पनि राखौं। सक्छन् ? महिला-पुरुषबीचमा शारीरिक समानताका लागि प्रतियोगिता गर्ने कुरै होइन। यो भिन्नतालाई स्वीकार्ने र सम्मान गर्ने हो। लोकतन्त्र, गणतन्त्र सबै आइसक्दा पनि पुरुषले महिलालाई बुझ्ने तरिका मिलेन। महिला र पुरुष आपसमा शारीरिक प्रतिस्पर्धा र पौठेजोरी खेल्न यो सृष्टीको रचना भएको होइन। यदि त्यस्तो हुँदो हो, मानव सभ्यता यहाँसम्म आइपुग्ने थिएन। सस्तो लोकप्रियताका लागि जे सुकै नगरौं। चेतनाको बिर्को खोलौं।

# ताण्डव नृत्य : मोक्षको खोज



उदय मैनाली



युट्युबमा ताण्डव भनेर खोज्दा पाइने एउटा नृत्य २५ करोडभन्दा बढी पटक हेरिएको देखिन्छ। अर्को एउटा ताण्डव साढे नौ करोडभन्दा बढी पटक हेरिएको छ। अन्य कैयौं ताण्डव नृत्य पनि करोडौं पटक हेरिएको छ। लय, शब्द र शैली फरक भएका तर डमरुको डमडम आवाज र ऊर्जायुक्त थरी-थरीका ताण्डव नृत्य युट्युबमा टन्नै छन्। धर्मशास्त्रका जानकार तथा महेन्द्र संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति विदुर पौडेल भन्छन्- 'शिव ताण्डवलाई ब्रह्माण्डको सृष्टि मानिएको छ। प्रोटोन, न्युटन जस्ता भौतिक पदार्थहरूको क्रिया-प्रतिक्रिया नै ताण्डव हो।'

धर्मशास्त्रका अनुसार शिव ताण्डव भनेको शिवले गर्ने नृत्य हो। प्राचीन कथ्य अनुसार 'पाणिनीले शिवको तपस्या गर्दा-गर्दा पाणिनीलाई शिव ताण्डव मार्फत ब्याकरणको सिद्धि प्राप्त भएको थियो। 'शिवजीले बोल्नु पर्दैन। डमडम, डमडम, डमडम गरेपछि कसैलाई ज्ञान प्राप्त हुन्छ, कसैलाई भक्ति प्राप्त हुन्छ।' 'अनन्तकालदेखि भएको सृष्टिलाई ताण्डवले बताउँछ। शिवको नाच भनेको त्यही हो।' भगवान् शिवले हरेक कुरा सृष्टि गर्दा ताण्डव गर्छन् भनिने पौडेलले बताएका छन्।

भगवान् शिवलाई खुसी राख्न चाहनेले पनि ताण्डव गर्ने गरेको देखिन्छ। महान् शिवभक्त भनिने 'राक्षसराज' रावणले रचना गरेको शिवताण्डवस्तोत्रम्को चर्चा निकै हुने गरेको पाइन्छ। धर्मशास्त्रका जानकारहरू शिव ताण्डव नृत्यमा र पार्वती लाक्षामा पारङ्गत भएको र उनीहरू नै सबभन्दा राम्रा नर्तक रहेको मान्छन्। तर, धर्मशास्त्रको ब्याख्या एकातिर भएता पनि आधुनिक समयमा ताण्डवलाई शास्त्रीय नृत्यका रूपमा सिकाउने गरिएको छ। भगवान् शङ्कर ताण्डव स्वरूपको प्रवर्तक हुनुहुन्छ। शिवलाई नटराज भन्ने कारण ताण्डव नाच नै हो।

संस्कृतमा ताण्डव शब्दको अर्थ उग्र, स्वच्छन्द वा नियन्त्रणरहित भन्ने हुन्छ। यद्यपि शास्त्रहरूमा दुर्गा ताण्डव, भैरव ताण्डव र राम ताण्डवको समेत वर्णन छ। महिषासुरमर्दिनी दुर्गाले महिषासुरको वधपछि र भगवान् श्रीरामले रावण विजय पश्चात् ताण्डव गरेको प्रसङ्ग पाइन्छ। तर, ताण्डव नृत्यले मूलतः नटराज शङ्करकै नृत्यको प्रसिद्धि रहेको छ। वीर तथा विभत्स रस मिसिँदा ताण्डव हुने हो।

भाषिक लबजले वा शाब्दिक प्रयोगधर्मिताले ताण्डवभन्दा एक प्रकारको उपद्रो वा उद्दण्डताको विम्ब दिमागले जनाउँछ। तर, ताण्डव नाच प्रकृतिको सुन्दर आराधना हो। यसले विचारको वा मस्तिष्कको सम्पूर्ण उद्घाटन हुने र समग्रमा हाम्रो प्राज्ञिक क्षितिजलाई फैलाउने काम गर्दछ। नृत्यमा ताण्डव नृत्य र युद्धमा पाण्डी युद्धले नै नवीन युगको शुरुवात हुने धर्मविद्हरू भन्ने गर्छन्। ऊर्जा र चैतन्यको प्रकटीकरण ताण्डव नृत्यले गर्दछ। शिवजीको यो नृत्यमा सारा तारागण, ग्रहमण्डल, पृथ्वी र व्योममण्डलकै कम्पन हुने कुराको उल्लेख शिव पुराणमा पाइन्छ।

संस्कृतका श्लोक र मन्त्रहरूको पठन त के उच्चारण समेत निकै दुरूह सम्झने आधुनिक पुस्तामा समेत निकै लोकप्रिय भएको शिव ताण्डव स्तोत्रको रचना त्रेता युगमा राक्षसराज रावणले गरेको मानिन्छ। १५ वटा श्लोक भएको यो स्तोत्र पञ्च चामर छन्दमा संरचित छ भने यसको भाषा निकै रोचक र प्रौढ छ। रावणले यो स्तोत्रको गानबाट भगवान् शङ्करलाई प्रसन्न बनाइ लङ्कापुरीको निर्माण गरेको उल्लेख पाइन्छ। श्लोकहरूमा निहित केही भाव- जसको निधाररूपी अग्नि धक्-धक् बलेको छ। पर्वतराजकी छोरी पार्वतीको शिरोभूषणबाट सम्पूर्ण दिशा आलोकित भएको देख्दा जसको मन आनन्दी बनेको छ।

जसको दृष्टिले ठूला-ठूला कष्टहरू रोकिन्छन्। त्यस्ता दिगम्बरी शिवमा मेरो मन लागिरहोस्। यहाँ प्रकृति नै मानवको सुन्दर उपलब्धि भएको कुरा आकाशलाई वस्त्रको रूपमा चित्रण गर्नुले बुझिन्छ। मनुष्य बाहिरी आवरणभन्दा भित्री आध्यात्मिक ज्योतितर्फ केन्द्रित हुनुपर्ने भाव यस स्तोत्रमा पाइन्छ। बारबार गङ्गा र अग्नि स्फुलिङ्गमय शिवको वर्णनले जलीय तत्व र तैजस तत्वको महत्व बुझाएको छ। गिरि कन्दरा, दुर्वम विथि आदिको वर्णन मार्फत साह्रै रमणीय प्रकृति चित्रण समेत यस श्लोकमा छ। साहित्यिक दृष्टिले पनि निकै गहिरो साहित्य यसमा छ। आध्यात्मिक आँखाले हेर्दा एउटा भक्तले भगवत् तत्व वा मोक्ष खोजेको देखिन्छ।

# ओली र प्रचण्डसामु संकट कायमै

सर्वोच्च अदालतले केपी शर्मा ओली र पुष्पकमल दाहाल संयुक्त रुपमा अध्यक्ष रहेको पार्टीलाई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नाम दिन नमिल्ने फैसला गरेसँगै मुलुकमा राजनीतिक कोर्ष परिवर्तन भएको छ। सर्वोच्चको उक्त फैसलासँगै तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र साविक कै अवस्थामा फर्किएका छन्। दुबै दल पार्टी एकताभन्दा अघिको अवस्थामा फर्किएसँगै सत्ता समीकरणका लागि हिसाब-किताब शुरु भएको छ।

सर्वोच्च अदालतले नेकपाको आधिकारिकता ऋषि कट्टेल नेतृत्वको पार्टीलाई दिएपछि एमाले र माओवादी केन्द्र एकता अघिकै अवस्थामा आउने भएसँगै संसदमा राष्ट्रिय दलको रुपमा अब चारवटा दल हुने भएका छन्। ती मध्ये सबैभन्दा ठूलो दलका रुपमा नेकपा एमाले, दोस्रोमा कांग्रेस, तेस्रोमा माओवादी केन्द्र र चौथोमा जसपा नेपाल रहने छन्। सर्वोच्च अदालतको निर्णय अनुसार एमाले र माओवादी केन्द्र अस्तित्वमा आएपछि प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार अल्पमतमा पर्नेछ। सरकार बचाउनका लागि एक सय ३८ सांसद आवश्यक पर्नेमा एमालेसँग एक सय २० सांसद मात्र छन्।

एमालेलाई कांग्रेस, माओवादी केन्द्र र जसपा नेपाल मध्ये कुनै एउटा दलले सघाएमात्र ओली नेतृत्वको सरकारले निरन्तरता पाउन सक्छ। ६३ सांसद रहेको कांग्रेसले आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि माओवादी केन्द्र र जनता समाजवादी पार्टी दुवैको सहयोग लिनुपर्छ। प्रतिनिधिसभामा माओवादी केन्द्रको ५३ र जसपा नेपालको ३४ सांसद छन्।

कांग्रेसले ओली नेतृत्वको सरकारलाई निरन्तरता दिन नचाहेमा वा उक्त सरकारलाई समर्थन नजनाएमा एमालेले कांग्रेसको नेतृत्वमा सरकार बनाउने गरी समर्थन दिन पनि सक्छ। त्यसो त, एमालेले जसपासँगको सहकार्यमा पनि सरकार बनाउन सक्छ। तर, ओली नेतृत्वको एमालेले अहिलेको अवस्थामा कांग्रेस, माओवादी केन्द्र र जसपा नेपाललाई आफूतिर तान्ने सम्भावना कम रहेको राजनीतिक विश्लेषकहरू बताउँछन्।

हालै प्रतिनिधिसभा विघटनको विरोधमा कांग्रेस, जसपा र नेकपाकै प्रचण्ड-माधव समूहले आन्दोलन गरेका थिए। उनीहरुले ओलीको कदमलाई प्रतिगामी भन्दै विरोध गरेका कारण पनि ओली नेतृत्वकै सरकारलाई निरन्तरता दिने वा ओली नेतृत्वको सरकारमा सत्ता साझेदार बन्ने सम्भावना निकै कम रहेको विश्लेषकहरुको भनाइ छ।

एमाले र माओवादी केन्द्र अस्तित्वमा आएपछि वर्तमान सरकार स्वतः अल्पमतमा पर्छ। त्यसैले प्रधानमन्त्री ओलीले संसदमा विश्वासको मत लिनुपर्ने हुन्छ। अन्य दलको साथ नपाएको अवस्थामा ओली नेतृत्वको सरकार ढल्ने र त्यसपछि कांग्रेस, माओवादी केन्द्र र जसपा नेपालको संयुक्त सरकार बन्ने सम्भावना पनि औंल्याउन थालिएको छ।

**चुनौति बाँकी नै**

त्यसो त केही दिन अघिसम्म मात्र पनि सर्वोच्च अदालतको फैसला यस्तो आउला र नेकपा एमाले, नेकपा माओवादी केन्द्र साविककै अवस्थामा फर्किएलान् भनेर कसैले कल्पनासम्म पनि गर्न सकेका थिएनन्। त्यस्तै अकल्पनीय अवस्था आगामी दिनमा पनि देखा नपर्ला भन्न सकिन्न। सर्वोच्च अदालतले नेकपा एमाले र माओवादी केन्द्रलाई एकताअघि कै अवस्थामा फर्काएको भए पनि ती दुबै नाम निर्वाचन आयोगले अरुलाई नै दिइसकेको छ। अर्थात्, अहिले निर्वाचन आयोगको रेकर्ड अनुसार नेकपा एमालेको अध्यक्ष केपी शर्मा ओली होइनन्, अनि नेकपा माओवादी केन्द्रको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' होइनन्।



ओलीसँग एमाले र प्रचण्डसँग माओवादी केन्द्र निर्वाचन आयोगको तथ्यांकमा छैन। नेकपा एमाले पार्टी सरिता तिवारीको अध्यक्षतामा निर्वाचन आयोगमा दर्ता छ भने माओवादी केन्द्र गोपाल किराँतीको नाममा दर्ता छ। एमाले र माओवादीबीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दर्ता भएको एक वर्षपछि दुवै दलको नाम, चुनाव चिन्ह र झण्डा फ्रिज भएपछि तिवारीले एमाले र किराँतीले माओवादी केन्द्र दर्ता गराएका हुन्। लहरो तान्दा पहरो गए झै यसरी खोज्दै जाँदा साबिकका एमाले र माओवादी केन्द्रका सांसदहरु तत्कालका लागि दलविहीन देखापर्ने अवस्था पनि नभएको होइन। उनीहरु कुन पार्टीका सांसद हुन् भनि कानूनीरुपमा पुष्टि गर्न गाह्रो छ। यस्तो अवस्थामा संसदमा सरकारको जोड घटाउ गर्न नमिल्ने जानकारहरु बताउँछन्।

**'डिभोर्स' पछि धुम्बाराहीमा 'एमाले' इन, 'नेकपा'आउट**

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई एकता पहिले कै अवस्थामा ब्यूँताएपछि पार्टी कार्यालय पनि पहिलेकै अवस्थामा फर्किने भएका छन्। सर्वोच्च अदालतको आइतबारको फैसलाले एमाले र माओवादी केन्द्रबीच एकता भई बनेको पार्टी नेपाल कम्युनिष्ट पार्टी ( नेकपा)लाई मान्यता नदिएपछि दुई पार्टी ब्यूँतिएका हुन्। (एमाले)को केन्द्रीय कार्यालय धुम्बाराही र माओवादी केन्द्रको कार्यालय पूर्ववत् पेरिसडाँडा नै हुने भएको छ। एकतापछि दुवै ठाउँमा नेकपाका केन्द्रीय कार्यालय रहेको थियो।

धुम्बाराहीस्थित एमालेको कार्यालयको नाम र साइनबोर्ड मंगलबार फेरिएको कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिए। 'सर्वोच्चको आदेश कार्यान्वयनका लागि हामीले पार्टीको कार्यालयको नाम र साइनबोर्ड परिवर्तन गरेका हौ' -उनले भने- 'जिल्लास्तरमा पनि एमालेको कार्यालयका भएको भवन एमाले कार्यालय रहन्छ।'

उनले जिल्लामा अहिले नै कार्यालयको नाम परिवर्तन गर्न निर्देशन नदिएको भन्दै तर सर्वोच्चको फैसलापछि जिल्लास्थित पहिलेको एमाले कार्यालयमा धमाधम साइनबोर्ड फेरिन थालेको बताए। २०७५ साल जेठ ३ गते तत्कालीन एमाले र माओवादी केन्द्र मिली नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का गठन भएको थियो। तर, त्यसअघि नै निर्वाचन आयोगमा ऋषि कट्टेल अध्यक्ष रहेको नेकपा नामक दल दर्ता रहेकाले सोही नामको अर्को दल दर्ता गर्न नमिल्ने सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्रलाई पहिलेकै अवस्थामा ब्यूँताएको हो।

उता नेकपा (माओवादी केन्द्र)का नेता जनार्दन शर्माले नेतृत्वहरु सत्ता स्वार्थ र व्यक्तिगत फाइदामा लाग्दा अहिलेको राजनीतिक संकट उत्पन्न भएको बताएका छन्। शीर्ष नेताहरुले परिवर्तनको मर्म अनुरुप राज्य पुनर्संरचना नगर्नु, लोकतन्त्रको सुदृढीकरण गर्नुभन्दा सत्ता स्वार्थ र व्यक्तिगत फाइदातर्फ लाग्दा राजनीतिक संकट आएको टिप्पणी गरेका छन्।

'परिवर्तनको मर्म अनुरुप राज्यका संरचनाहरुको पुनर्संरचना लोकतन्त्रको सुदृढीकरण गर्ने कार्यले भन्दा सत्ता स्वार्थ व्यक्तिगत फाइदाको गलत मार्गमा नेतृत्व लाग्नुबाट राजनीतिक मूल्य र आदर्श स्खलित हुन पुग्यो' -नेता शर्माले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्। नेता शर्माले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्- 'नेतृत्वको वरिपरि आलोचनात्मक चेत हराएकाहरुको बाहुल्यता बढ्दै जानु पनि अर्को कारण हो।' उनले राजनीतिक परिवर्तनका लागि भएका त्याग, बलिदानको सम्मान गर्दै लोकतान्त्रिक मूल्यमा आधारित जनताप्रतिको उत्तरदायीपूर्ण आचरणामा प्रतिवद्ध हुँदै समावेश विकास र सामाजिक न्यायसहितको राजनीतिक आदर्श र संस्कारको पुनर्संरचना गर्न युवाहरुबीच हातेमालो गर्ने आह्वान गरेका छन्।

नेता शर्माले उल्लेख गरेका छन्- 'राजनीतिक परिवर्तनका लागि भएको त्याग, बलिदान र नेतृत्वको योग्दानको उच्च सम्मान गर्दै लोकतन्त्र, राष्ट्रियता र जनताका सपनाबाट विचलित विकृत राजनीतिप्रति घृणा गर्दै लोकतान्त्रिक मूल्यमा आधारित पारदर्शी जीवन व्यवहार, राष्ट्रवादी भावना र जनताप्रतिको उत्तरदायित्वपूर्ण आचरणमा प्रतिवद्ध हुँदै समावेशी विकास र सामाजिक न्यायसहितको राजनीतिक आदर्श र संस्कारको पुनर्संरचना गर्न युवाहरूबीच हातेमालो गरौं।'

हामीले प्राप्त गरेको उपलब्धि समावेशी लोकतन्त्रको कार्यान्वयनको प्रारम्भमा नै संकट उत्पन्न भएको वर्तमान परिस्थितिमा राजनीति किन यति कमजोर भयो भन्ने गम्भीर प्रश्न मेरो मनमा उठिरहेको छ। आफैँभित्र उत्तर खोज्दै जादा लोकतान्त्रिक मूल्य, राष्ट्रिय भावना र जनउत्तरदायित्वबाट विचलित राजनीति र नेतृत्व केन्द्रमा भेटिन्छ। परिवर्तनको मर्म अनुरुप राज्यका संरचनाहरुको पुनर्संरचना लोकतन्त्रको सुदृढीकरण गर्ने कार्यले भन्दा सत्ता स्वार्थ व्यक्तिगत फाइदाको गलत मार्गमा नेतृत्व लाग्नुबाट राजनीतिक मूल्य र आदर्श स्खलित हुन पुग्यो। नेतृत्वको वरिपरि आलोचनात्मक चेत हराएकाहरुको बाहुल्यता बढ्दै जानु पनि अर्को कारण हो।

राजनीतिक परिवर्तनका लागि भएको त्याग, बलिदान र नेतृत्वको योग्दानको उच्च सम्मान गर्दै लोकतन्त्र, राष्ट्रियता र जनताका सपनाबाट विचलित विकृत राजनीतिप्रति घृणा गर्दै लोकतान्त्रिक मूल्यमा आधारित पारदर्शी जीवन व्यवहार, राष्ट्रवादी भावना र जनताप्रतिको उत्तरदायित्वपूर्ण आचरणमा प्रतिवद्ध हुँदै समावेशी विकास र सामाजिक न्यायसहितको राजनीतिक आदर्श र संस्कारको पुनर्संरचना गर्न युवाहरूबीच हातेमालो गरौं। *एजेन्सीहरु*



**राजवंशी कोच समुदायको मौलिक बाजाहरु :** नेपालको पूर्वी जिल्ला झापा, मोरङ र सुनसरीमा मुख्यरुपमा बसोबास गर्दै आएका कोच समुदाय आदिवासीहरु आफ्नो भाषा, संस्कृति र सभ्यता बचाउन संस्थागत ढंगले नै लागीपरेका छन् ।

फोटो : विनोद पाण्डे/पूर्वाञ्चल

# रोटरीद्वारा छात्रालाई शौचालय हस्तान्तरण

**बिर्तामोड, फागुन २५।** अझै पनि नेपालका धेरैजसो सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरु आफूलाई महिनावारी भएको समयमा विद्यालय नजाने गरेका घटनाहरु सार्वजनिक भइरहेका छन् ।

विशेषगरी ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुलाई महिनावारी भएको समयमा विद्यालयले निःशुल्क रुपमा सेनेटरी प्याड उपलब्ध गराउन नसक्नु र राम्रो शौचालयको समेत व्यवस्था नहुँदा छात्राहरुले विद्यालय छाड्नु पर्ने अवस्था कायमै रहेको रोटरी इन्टरनेशनल डिस्ट्रिक ३२९२ का डिस्ट्रिक गर्भनर इलेक्ट सन्तोष रिजालले बताए ।

कतिपय विद्यालयमा छात्रामैत्री शौचालय नहुनु, शौचालय भए पनि व्यवस्थित र सुरक्षित नहुँदा विद्यालय गएका किशोरीहरुलाई समस्या हुने गरेको रिजालको भनाई छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने धेरैजसो बालबालिकाहरुलाई अहिले पनि सुरक्षित शौचालयको व्यवस्था नहुँदा छात्रामात्र होइन छात्रहरु पनि समस्यामा पर्ने गरेका छन् । यसैलाई मध्यनजर गर्दै रोटरी क्लव अफ बिर्तामोडले झण्डै दश लाख रुपैयाँ खर्च गर्दै बिर्तामोडस्थित महेन्द्ररत्न माध्यमिक विद्यालयमा छुट्टै छात्रा अपाङ्गमैत्री शौचालय निर्माण गरेको छ ।

बिर्तामोड नगरपालिका- ३ बिर्ताबजारमा रहेको महेन्द्ररत्न माध्यमिक विद्यालयसहित महालक्ष्मी विकास बैंक, नेपाली सेनाको श्री नयाँ श्रीनाथ गण चालआली, रोट्र्याक क्लव अफ बिर्तामोडको आर्थिक



सहयोगमा रोटरी क्लव अफ बिर्तामोडले छुट्टै छात्रा अपाङ्गमैत्री शौचालय निर्माण गरेको हो ।

किशोरीहरुलाई महिनावारी भएको समयमा सेनेटरी प्याड प्रयोग गर्न, प्रयोग भइसकेको प्याडलाई डिस्पोज गर्न र आवश्यक परेको समयमा प्याड लिन सकिने गरीको व्यवस्थासहितको नयाँ प्रविधिको शौचालय निर्माण गरिएको विद्यालयलाई शौचालय हस्तान्तरण समारोहमा रोटरी क्लव अफ बिर्तामोडका डाइरेक्टर सर्भिस प्रोजेक्ट विनोद बस्नेतले बताए ।

कोभिड- १९ को बढ्दो संक्रमणका कारण समयमा शौचालय निर्माण गर्न नसकिएको बताउँदै रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराईले ढिला गरी शौचालन तयार गरिए पनि शौचालय आधुनिक र पूर्णरुपमा अपाङ्गमैत्री रहेको बताए ।

शौचालय हस्तान्तरण समारोहमा शौचालय निर्माणमा आर्थिक सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयका शाखा प्रमुख विजय कार्की, महेन्द्ररत्न विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेल, नेपाली सेनाको श्री नयाँ श्रीनाथ गण चारआलीका गणपति अमरजंग थापा, रोट्र्याक क्लव अफ बिर्तामोडका निर्वतमान अध्यक्ष राज मुखिया र अध्यक्ष प्रवास थापा मगर रहेका छन् ।

शौचालय हस्तान्तरण समारोहमा उद्योग वाणिज्य संघ बिर्तामोडका नवनिर्वाचित अध्यक्ष प्रकाश शविाकोटी, विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेल, रोटरी क्लव अफ बिर्तामोडकी निवर्तमान अध्यक्ष निकिता गिरी, सञ्जय गिरी लगायतले बोलेका थिए । कार्यक्रम रोटरी क्लव अफ बिर्तामोडका सचिव सञ्जीव घिमिरेले सञ्चालन गरेका थिए ।

# सहारा अटोमोवाइल्सको साधारणसभामै ११ ट्रक बिक्री



**चारपाने, फागुन २५।** बिर्तामोड-२, चारपानेमा रहेको सहारा अटोमोवाइल्स एण्ड कम्पनी प्रालिले साधारणसभा कै दिन ११ वटा ट्रक बिक्री गरेको छ ।

सोमबार चारपानेस्थित अशोक लिलेण्ड गाडीको सोरुम परिसरमा अध्यक्ष महेन्द्रकुमार गिरीको अध्यक्षता र संविधानसभा सदस्य हरिकुमार राजवंशीको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो ।

सोही दिन झापाको धुलाबारीस्थित निर्जा लोजिस्ष्टि प्रालिले १० थान १० चक्के टिपर र धाइजनस्थित सूर्य एग्रोले एकथान ट्रक खरिद गरेको सहारा अटोमोवाइल्सका मेनेजर अनिल पौडेलले जानकारी दिए । कार्यक्रममा कम्पनीका महिला शेयर सदस्यहरुलाई सम्मान गरिएको थियो ।

चौंथो साधारणसभामा प्रमुख अतिथि राजवंशी, सहारा नेपाल साकोसका उपाध्यक्ष उपेन्द्र ओली, उपनिर्देशक लक्ष्मण खतिवडाले बोलेका थिए । सहारा अटोमोवाइल्सका प्रवन्धक निर्देशक ओमप्रकाश विमलीले बार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा राजकुमार गौतमले स्वागत र सञ्चालन शुक्र तामाङले गरेका थिए ।

# मेघा कम्प्लेक्समा युनिकम

**बिर्तामोड, फागुन २५।** नेपाल व्यापार कर्मचारी संघ ( युनिकम)को बिर्तामोडस्थित मेगा कम्प्लेक्समा आयोजित कार्यक्रममा समिति गठन गरिएको छ ।

सोमबार भएको एक कार्यक्रमका बीच सुनीता दर्जीको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिको सचिवमा हेमराज राजवंशी र सदस्यहरुमा भीम पौडेल, अनिता भट्टराई र दीक्षा तामाङ रहेका छन् ।

युनिकम नेपाल बिर्तामोड अध्यक्ष कवीन्द्र नेपालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कार्यालय प्रतिनिधि प्रतिमा राउत, पूर्व अध्यक्ष ओमकुमार भुजेल, अर्जुन पौडेल, तारा तामाङ, दीपक बिष्ट, पंकज पासवान, रोहिणी मण्डल, पविना धिमाल लगायतको सहभागिता रहेको थियो ।


## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु–सम्पर्क राख्नुहोला ।

लेखापाल : १ जना

योग्यता : +२ पास (अनुभवी)

**सेक्टरवान सेक्यूरिटी सर्भिस**

बिर्तामोड, झापा

फोनः (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## राहदानी हरायो

इलामबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।०९।२५गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- सञ्जय सोराली

**ठेगाना**:- लक्ष्मीपुर गाविस–५, इलाम

**हाल** : माई नगरपालिका–५, इलाम

**राहदानी नं.**:- ०७०६६२९१

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

मो. ९८४२६४३६१८/९८०४९९४८८०

शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सरस्वती देवी तिम्सिना | पथरिया–८ | ३९८० | १६३५.४८ | वासु राजवंशी |
| सरस्वती देवी तिम्सिना | पथरिया–८ | ५१३ | १३८०.०० | वड्का सतार/वडुक सतार |
| पन्तालाल राजवंशी | पथरिया–६ | १५२ | २५१०.०० | जाडु राजवंशी/जहादु राजवंशी |
| अगमलाल गणेश | पाठामारी–६ | २० | ८२४५.०० | सिल्टु/सिलठा गणेश |
| अगमलाल गणेश | पाठामारी–६ | २९१ | १०५०.०० | छोटा जेठा सतार |
| | | ३५० | १६३५.०० | छोटा जेठा सतार |
| वृषलाल गणेश समेत | पाठामारी–६ | ३०३ | ३७५.०० | छोटो जेठा सतार |
| अन्डुलाल राजवंशी | वालुवाडी–१ | ३४९ | ६७७.२६ | मोती सतार |
| सन्तकुमार विश्वकर्मा | वालुवाडी–१ | ३९५ | ३३८.६३ | पखारी सतार |
| कुलबहादुर विश्वकर्मा | वालुवाडी–१ | ३९४ | ३३८.६३ | पखारी सतार |
| रुद्रमणि दाहाल | वालुवाडी–१ | १८६ | १६३५.०० | मुखमेल राजवंशी/भुकमिलन राजवंशी |
| दिलकुमारी लिम्बू | तोपगाछी–४ | ९०६ | ०–३–० | डिल्लीबहादुर कार्की |
| दिलकुमारी लिम्बू | तोपगाछी–४ | ८४७ | ०–१–० | जगतबहादुर लिम्बू |


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

महिला : १० जना  उमेर : २० देखि ३० वर्ष

पुरुष : २० जना  उमेर : २५ देखि ५० वर्ष

कार्यक्षेत्र : झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**

सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक

मो ९८४२६२५०२०, ९८०४७७१५६८


## विराट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बिर्तामोड–३, सैनिक मोड, झापा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति: २०७७/११/२५*

निकट भविष्यमा यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड–३, सैनिकमोड झापाले सञ्चालन गर्न लागेको विराट सहकारी पसलका लागि तपशिल बमोजिमका कार्मचारीहरु आवश्यकता भएको हुँदा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा शैक्षिक योग्यता, कार्य अनुभवका प्रमाणपत्रसहित संस्थाको कार्यालमया निवेदन दिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | कार्य अनुभव | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| १. | क्यासियर | १ जना | बि.बि.एस. उर्त्तिण भई दुई वर्ष कार्य अनुभव भएको वा कक्षा १२ उर्त्तीण भई चार वर्षको कार्य अनुभव भएको | कम्प्युटर सम्बन्धी दक्षता (वर्ड तथा एक्सेल चलाउन जान्ने) साथै नेपाली, अंग्रेजी टाइप गरी दैनिक रिपोर्ट तयार गर्न सक्ने । | लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता |
| २. | सेल्समेन | २ जना | एसईई उर्त्तिण वा सो सरह | सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । | लिखित तथा अन्तरवार्ता |
| ३. | सुरक्षागार्ड | १ जना | लेखपढ गर्न सक्ने | सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको | अन्तरवार्ता मात्र |

१) कर्मचारीको सेवासुविधा संस्थाको नियमानुसार हुनेछ ।
२) निवेदन दर्ता गर्ने अन्तिम मिति २०७७ चैत्र १० गते ४:०० बजेसम्म हुनेछ ।
३) २०७७ चैत्र ११ गते संक्षिप्त सूची प्रकाशन गरिनेछ ।
४) उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
५) कर्मचारी छनौट गर्ने अन्तिम अधिकार समितिमा निहित हुनेछ ।
६) निवेदन बुझाउने तथा थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय सैनिकमोडमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क : ०२३–५४०८५३**

**कर्मचारी पदपूर्ति उप-समिति**


## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।– मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा

फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र

**Chakra-ka-rakshak**

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३–५४६४३६)




## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । इर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौति चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ । आकस्मिक खर्च बढ्नेछ, तर आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मिहिनेतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।